# छलफलका विषय वस्तुहरु

१. समिक्षा सम्बन्धमा ।

२. समपुरक अनुदान माग सम्बन्धमा ।

३. गाउँपालिकाको Logo पास गर्ने सम्बन्धमा ।

४. समपुरकको Below रकमबाट पुनः ठेक्का प्रक्रिया अगाडी बढाउने सम्बन्धमा ।

५. विविधः

(क) एक वडा एक उत्पादन सम्बन्धमा ।

(ख) पर्यटन वोर्डको योजनामा लागत वेहोर्ने सम्बन्धमा ।

(ग) प्रवक्ता तोक्ने सम्बन्धमा।

(घ) सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा ।

(ङ) LISA को नतिजा अनुमोदन सम्बन्धमा ।

(च) अनिमती सम्बन्धमा ।

CamScanner

## छलफल तथा निर्णयहरु

**निर्णय नं. १ समिक्षा सम्बन्धमाः-** चालु आ.व. २०८१/०८२ मा विनियोजन भएको योजनाबाट ठक्का प्रथाद्वारा र उपभोक्ता समितिबाट सम्पन्न गरिने योजना तथा कार्यक्रम अगाडी बढिरहेको, केही संशोधन भएका योजना सम्झौताको कार्य भै रहेको, शाखाबाट सम्पादन गरिने कार्यक्रम अगाडी बढिरहेको छ । साथै गाउँ सभाको १५औं (हिउदे) अधिवेशन सफलता पूर्वक सम्पन्न गर्ने गराउनु हुने सम्पूर्ण जनप्रतिनिधी तथा कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दै विगतका कार्यपालिका बैठकबाट भएको केही निर्णयहरु कार्यान्वयन भएको र केही कार्यान्वयनको चरणमा रहेको सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २ सङ्घीय समपुरक अनुदान माग सम्बन्धमाः-** आ.व. २०८२/०८३ का लागि संङ्घीय समपुरक अनुदान लागि तपसिल बमोजिम योजना छनौट गरि माग गर्ने निर्णय गरियो।

**तपसिल**

| क्र.सं. | योजनाको नाम | ठेगाना | बजेट |
|---|---|---|---|
| १ | शिवपुरी कृषि रिङरोड स्तरोन्नती | शिवपुरी गाउँपालिका १-८ | ७ करोड |

**निर्णय नं. ३ गाउँपालिकाको Logo पास गर्ने सम्बन्धमाः** समृद्ध शिवपुरी र गाउँपालिकाको पहिचान झल्कने गरि तयार भएको Logo (गाउँपालिकाको चिन्ह) पास गरी उक्त Logo लाई गाउँपालिकाबाट तयार हुने हरेक कागजपत्रमा संलग्न गर्ने साथै उक्त चिन्ह अनुसारको व्याच र मायाको चिनो समेत तयार गर्ने जिम्मा कार्यालयलाई दिने निर्णय गरियो ।

**निर्णय नं. ४ समपुरकको Below रकमबाट पुनः ठेक्का प्रक्रिया अगाडी बढाउने सम्बन्धमाः** आ.व. २०८१/०८२ मा गाउँपालिकालाई प्राप्त समपुरक अनुदानको रकमबाट ठेक्का कार्यान्वयन गर्ने क्रममा अनलाई बिडिङको प्रक्रियामा कुल अनुदान रकम भन्दा कम रकममा ठेक्का सम्झौता भएर बाँकी रहेको रकमबाट तपसिल बमोजिमका योजनाहरुको पुनः ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | योजनाको ना, | ठेगाना | बजेट रु. |
|---|---|---|---|
| १ | कालढुङ्गा-थानापती-चैजु हुँदै गुरुङ गाउँ-नयाँ गाउँ सडक स्तरोन्नती | शिवपुरी - ८ | ६९,९६,००० |

CamScanner

| क्र.सं. | योजनाको ना, | ठेगाना | बजेट रु. |
|---|---|---|---|
| २ | देउराली-रोल्चे-शिवालय-चगाउँ सडक स्तरोन्नती | शिवपुरी - २ | ५९,९६,००० |
| ३ | लोकमार्ग-खतिवडा टोल-काउले-ताप्केटार-हिले-कात्तिके-थाप्के-हर्षे-विर्थोक सडक स्तरोन्नती | शिवपुरी - ३ | ४९,८१,००० |

**निर्णय नं. ५ विविधः**

(क) **एक वडा एक उत्पादन कार्यक्रम गर्ने सम्बन्धमाः** बागतमी प्रदेश सरकारको कृषि मन्त्रालयवाट एक वडा एक उत्पादन शिर्षक अन्तर्गत विनियोजित बजेट रु. ३२,००,०००।- (बत्तिस लाख रुपैयाँ मात्र।) बजेटबाट कृषकले विनियोजित बजेटको २० (वीस) प्रतिशतले हुने रकम रु. ६,४०,०००।- (छ लाख चालिस हजार रुपैयाँ मात्र।) र गाउँपालिकाले व्यहोर्ने रु. ६,४०,०००।- (छ लाख चालिस हजार रुपैयाँ मात्र।) समेत जम्मा रु. ४४,८०,०००।- (चौवालिस लाख असी हजार रुपैयाँ मात्र।) को गाउँपालिका वडा नं. ६ मा एक वडा एक उत्पादन अन्तर्गत कफि खेति कार्यक्रम गर्ने निर्णय गरियो ।

(ख) **पर्यटन बोर्डको योजना सम्बन्धमाः** नेपाल पर्यटन बोर्डको च.नं. ४/पसवि/२०८१/८२/०६, मितिः २०८१/१०/२७ को पत्रानुसार पर्यटन बोर्डवाट स्वीकृत भएका देहायका योजनाहरु गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने भएकोले उक्त योजनाहरु कार्यान्वयनको लागि कुल लागत रु. ३५,००,०००।- (पैत्तिस लाख रुपैयाँ मात्र।) को २० (वीस) प्रतिशतले हुने जम्मा रकम रु. ७,००,०००।- (सात लाख रुपैयाँ मात्र।) बजेट (म्याचिङ्ग फण्ड स्वरुप) गाउँपालिकाले व्यहोर्ने कार्यक्रम नियमानुसार कार्यान्वयन गर्ने निर्णय गरियो।

**तपसिल**

| क्र.सं. | योजनाको नाम | ठेगाना | बजेट रकम (रु.) |
|---|---|---|---|
| १ | शिवपुरी-माने खोल्चा पार्टी स्वाँरा, शिवपुरी, ट्रेल निर्माण | शिवपुरी -६ | ५,००,००० |

| | | | |
|---|---|---|---|
| २ | गुर्जेभञ्ज्याङदेखि सुइरेचौर पर्यटन मार्ग निर्माण | शिवपुरी - ७ | ३०,००,००० |
| | | पर्यटन बोर्डले विनियोजन गरेको जम्मा बजेट | ३५,००,००० |
| | | गाउँपालिकाले २०% ले हुने जम्मा रकम | ८,७५,००० |
| | | कुल लागत रकम | ४३,७५,००० |

(ग) **प्रवक्ता तोक्ने सम्बन्धमाः** सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ दफा ३५ को उपदफा (१) बमोजिम यस कार्यालयको काम कारबाहीको विषयमा सरोकारवालालाई वा सार्वजनिक रुपमा जानकारी दिनको लागि कार्यपालिका सदस्य एवम् वडा नं. ४ का वडा अध्यक्ष श्री चन्द्र बहादुर गुरुङलाई यस गाउँपालिकाको प्रवक्ता तोक्ने निर्णय गरियो ।

(घ) **सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमाः** गाउँपालिका कार्यालय, स्वास्थ्य संस्थाहरु, वडा कार्यालय, विद्यालय तथा गाउँपालिका अन्तर्गतका कार्यालयबाट प्रवाह हुने सेवालाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक सुनुवाई गर्नु पर्ने कानूनी व्यवस्था बमोजिम यस गाउँपालिकाले फागुन महिनाको तेस्रो हप्ता भित्र सार्वजनिक सुनुवाई गर्ने गरी व्यवस्था मिलाउनको लागि कार्यालयलाई जिम्मा दिने निर्णय गरियो ।

(ङ) **स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को नतिजा अनुमोदन सम्बन्धमाः** यस गाउँपालिकाको आ.व. २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को कागजातहरु प्रविष्टीको कार्य सम्पन्न भई जिल्ला समन्वय समितिको कार्यालय, नुवाकोटबाट पृष्ठपोषण समेत सम्पन्न भएको र उक्त पृष्ठपोषणबाट गाउँपालिकाले प्राप्त गरेको ७३.७५ अङ्क अनुमोदन गरी उक्त नतिजालाई सार्वजनिक गर्ने निर्णय गरियो ।

(च) **अनुमति सम्बन्धमा :-** गाउँपालिका क्षेत्र भित्र निर्माणाधीन अवस्थामा रहेको पूर्वाधार विकास कार्यालय, नुवाकोट अन्तर्गत Contract Identification No. IDO/NUWAKOT/W/NCB/079/80 अनुसार P.R. Infrastructure Pvt. Ltd. का आधिकारिक प्रतिनिधि दिनेश कुमार त्रिपाठिले अस्थाई क्रसर उद्योग (फिरफरे) सञ्चालनार्थ सहजिकरण गरि पाउँ भनि गाउँपालिकामा निवेदन पेश गर्नु भएकोले कुखुरे-माउपाङ-दुप्चेश्वर सडक निर्माण कार्यको लागि आवश्यक

CS CamScanner

निर्माण सामाग्री व्यवस्थापन गर्न ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १२ को उपदफा (१) बमोजिम प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तथा गाउँपालिकाले ठेक्का लागाई सम्झौता गरेको परीमाण अनुसारको ढुङ्गा, गिट्टि खरिद गरि सञ्चालन गर्न २०८२ साल जेष्ठ मसान्त सम्मको लागि अस्थायी क्रसर उद्योग सञ्चालन अनुमति दिने निर्णय गरियो।

**(छ) आर्थिक सहायता सम्बन्धमाः-** शिवपुरी गाउँपालिका, वडा नं. ६ समुन्द्रादेवी निवासी सीताराम बखतीको घरमा मिति २०८१/१०/२१ गतेका दिन विहान करिव ९ बजे घरमा कोही नभएको समयमा प्राकृतिक प्रकोप विद्युत सट भई आगो लागि हुन गई घरमा भएको सम्पूर्ण भौतिक वस्तुहरू जलेर नष्ट भएकाले रू.५०,०००।- (अक्षरुपी: पचास हजार रुपैयाँ मात्र ।) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

CamScanner